## मिति २०७८/१२/०६ गतेको ११२ औं गाउँ कार्यपालिकाको बैठकमा पेश भएका प्रस्तावहरुः

| क्र. सं. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | पेश गर्ने विषयगत समिति/शाखा |
|---|---|---|---|
| १. | सडक बोर्ड नेपालबाट स्वीकृत बजेट कार्यान्वयनको लागि योजना छनौट सम्बन्धमा | यस भगवतीमाई गाउँपालिकाको लागि सडक बोर्ड नेपालबाट चालु आ.व. २०७८/०७९ मा स्वीकृत बजेट कार्यान्वयनको लागि लोहोरे कट्टी खोला-खालीडाँडा सडक वडा नं. ०७ छनौट गर्ने। गाउँपालिकाले व्यहोर्ने समपुरक कोष (Matching Fund) वापतको रकम रु. नेपाल सरकार वित्तीय समानीकरण चालु आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सडक बोर्ड नेपाल साझेदारी शिर्षकबाट खर्च गर्ने । | प्रशासन, योजना तथा अनुगमन शाखा |
| २. | कार्यविधि स्वीकृत सम्बन्धमा । | देहाय बमोजिमका कार्यविधि स्वीकृत गर्नेः<br>१. मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०७८<br>२. विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७८<br>३. टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८<br>४. भगवतीमाई गाउँपालिकाको सञ्चित कोषको आन्तरिक लेखापरीक्षण सम्बन्धी कार्यविधि - २०७८ | न्यायिक सचिवालय<br>पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा<br>सामाजिक तथा आर्थिक विकास शाखा<br>आन्तरिक लेखा परीक्षण शाखा |
| ३. | दोस्रो चौमासिक प्रगति सम्बन्धमा । | प्रमुख् प्रशासकीय अधिकृत मार्फत पेश भएको दोस्रो चौमासिक अवधि सम्मको संक्षिप्त वित्तीय प्रगति छलफल गरियो । कार्यपालिकाका पदाधिकारी, विषगत शाखा र वडा कार्यालयहरुको उपस्थितिमा मिति २०७८/१२/१४ गते चालु आ.व. २०७८/०७९ को दोस्रो चौमासिक प्रगति समिक्षा कार्यक्रम गर्ने । | प्रमुख प्रशासकीय अधिकृत |
| ४. | ६ नं. वडा कार्यालयमा कार्यालय सहयोगी व्यवस्थापन सम्वन्धमा । | यस भगवतीमाई गाउँपालिका ६ नं. वडा कार्यालयमा करार सेवामा कार्यरत कार्यालय सहयोगी श्री गणेशबहादुर खत्रीको मिति २०७८/१२/०३ गते असमायिक निधन भई कार्यालय सहयोगी पद रिक्त हुन गएको हुँदा उक्त रिक्त पदमा निजको पत्नी श्री रचनाकुमारी खत्रीलाई करार सेवामा लिने । | प्रशासन योजना तथा अनुगमन शाखा |
| ५. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त सुझाव कार्यान्वयन सम्बन्धमा । | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय च.नं. २४२ मिति २७८/१२/०२ गतेको पत्र साथ अख्तियार दुरुपयोग अनुसन्धान आयोगले स्थानीय तहका लागि दिइएका सुझावहरु कार्यान्वयन गर्ने । | प्रमुख प्रशासकीय अधिकृत |
| ६. | पगनाथ स्वास्थ्य चौकी भवन निर्माणको रकम माग सम्बन्धमा । | चालु आ.व. २०७८/०७९ को लागि प्रदेश सरकार पूर्वाधार विशेष कार्यक्रम अन्तर्गत पगनाथ स्वास्थ्य चौकी भवन निर्माण योजना रु. २० लाख स्वीकृत भएकोमा उक्त योजना कार्यान्वयन गर्न छुट्टै भवन निर्माण गर्न आवश्यक नदेखिएको र गत आ.व. यस गाउँ कार्यपालिकाको कार्यालयबाट ठेक्का बन्दोबस्त भएको भवन | सामाजिक विकास समिति |

| क्र. सं. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | पेश गर्ने विषयगत समिति/शाखा |
|---|---|---|---|
| | | निर्माण कार्य चालु आ.व. मा समेत क्रमागत भएको र गाउँपालिकामा बजेट अभाव रहेको हुँदा उक्त रकम पगनाथ स्वास्थ्य चौकी भवन निर्माण ठेक्का नं. (BRM/BCW/NCB/13/2077/078) मा खर्च गर्नको लागि पूर्वाधार विकास कार्यालयलाई अनुरोध गर्ने । | |
| ७. | ३ नं. वडा कार्यालयको नाममा जग्गा पास सम्बन्धमा । | यस भगवतीमाई गाउँपालिका वडा नं. ०३ निवासी श्री चाउरो कामीले भगवतीमाई गाउँपालिका ३ नं. वडा कार्यालयको नाममा २९८० वर्ग मिटर जग्गा पास गर्न ईच्छुक भई वडा कार्यालयमा निवेदन पेश गरेको हुँदा वडा कार्यालयले सिफारिस गरी पठाएकोले उक्त जग्गा ३ नं. वडा कार्यालयको नाममा पास गर्ने । | ३ नं. वडा कार्यालय |
| ८. | बाखापालन कार्यक्रममा साझेदारी सम्बन्धमा । | यस भगवतीमाई गाउँपालिकाको रु. ६०००००। र पशु अस्पताल तथा पशु सेवा कार्यालय दैलेखको रु. १२५००००। लागत साझेदारीमा वडा नं. ०७ मा बाखापालन कार्यक्रम संचालन गर्ने । | आर्थिक विकास समिति |
| ९. | बाखापालन फर्मको अनुदान कार्यक्रमको लागि प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा । | यस गाउँपालिकाको चालु आ.व. २०७८/०७९ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार बाखापालन फर्मको अनुदान कार्यक्रमको लागि वडा नं. ०४ निवासी नेत्रबहादुर थापाले श्रीष्टी बहुउदेश्यीय कृषि फर्मबाट व्यवसायिक प्रस्ताव पेश गरेको हुँदा उक्त फर्मलाई बाखापालन फर्मलाई अनुदान रकम रु. .......। स्वीकृत गर्ने । | आर्थिक विकास समिति |
| १०. | भगवतीमाई गाउँपालिका सार्वजनिक खरिद (पहिलो संशोधन) नियमावली, २०७८ | यस भगवतीमाई गाउँपालिका सार्वजनिक खरिद नियमावली (पहिलो संशोधन) नियमावली, २०७८ स्वीकृत गर्ने । | प्रशासन योजन तथा अनुगमन शाखा |
| ११. | प्रदेश सरकार समपुरक अनुदान र गाउँपालिकाको लागत साझेदारीमा संचालित आयोजनाको पुनः बोलपत्र आह्वान गर्ने सम्बन्धमा । | यस गाउँपालिकाको चालु आ.व. २०७८/०७९ को लागि स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत प्रदेश सरकार समुपुरक अनुदान र गाउँपालिकाको लागत साझेदारीमा संचालित जिरो पोइन्ट वडा कार्यालय स्तरोन्नती वडा नं. ४ र ढाँणगाउँ-मेली-साले बजेडा-देउली सडक निर्माण वडा नं. २ को पहिलो पटक ठेक्का भई बचत रकमको बोलपत्र आह्वान गर्ने र यस गाउँपालिकाको साझेदारी रकम अपुग हुन गएमा आगामी आर्थिक वर्षमा क्रमागत गर्ने । | भौतिक पूर्वाधार तथा वातावरण व्यवस्थापन शाखा |

**मिति २०७८/१२/०६ गतेको ११२ औं गाउँ कार्यपालिकाको बैठकाबाट निर्णयहरुः**

१. यस भगवतीमाई गाउँपालिकाको लागि सडक बोर्ड नेपालबाट चालु आ.व. २०७८/०७९ मा स्वीकृत बजेट कार्यान्वयनको लागि **लोहोरे कट्टी खोला-खालीडाँडा-तप्लुङ्ग सडक** वडा नं. ०७ छनौट गर्ने। गाउँपालिकाले व्यहोर्ने समपुरक कोष (Matching Fund) वापतको रकम समेत लागत साझेदारी गर्ने निर्णय गरियो ।

२. देहाय बमोजिमका कार्यविधि स्वीकृत गर्नेः

१. मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०७८
२. विपद् व्यवस्थापन कोष (सञ्चालन) कार्यविधि, २०७८
३. टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७८
४. भगवतीमाई गाउँपालिकाको सञ्चित कोषको आन्तरिक लेखापरीक्षण सम्बन्धी कार्यविधि, २०७८
५. बाल अधिकार संरक्षण तथा प्रवर्द्धन कार्यविधि, २०७८

३. प्रमुख् प्रशासकीय अधिकृत मार्फत पेश भएको दोस्रो चौमासिक अवधि सम्मको संक्षिप्त वित्तीय प्रगति छलफल गरियो । कार्यपालिकाका पदाधिकारी, विषगत शाखा र वडा कार्यालयहरुको उपस्थितिमा मिति २०७८/१२/१४ गते चालु आ.व. २०७८/०७९ को दोस्रो चौमासिक प्रगति समिक्षा कार्यक्रम गर्ने निर्णय गरियो ।

४. यस भगवतीमाई गाउँपालिका ६ नं. वडा कार्यालयमा करार सेवामा कार्यरत कार्यालय सहयोगी श्री गणेशबहादुर खत्रीको मिति २०७८/१२/०३ गते असमायिक निधन भई कार्यालय सहयोगी पद रिक्त हुन गएको हुँदा उक्त रिक्त पदमा निजको पत्नी श्री रचनाकुमारी खत्रीलाई करार सेवामा लिने निर्णय गरियो ।

५. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. २४२ मिति २०७८/१२/०२ गतेको पत्र साथ प्राप्त अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त सुझावहरुलाई देहाय बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो ।

| क्र.सं. | आयोगबाट प्राप्त सुझाव | सुझाव कार्यान्वयनको अवस्था/उपाय |
|---|---|---|
| १. | खानेपानी उपभोक्ता समितिहरुलाई धारा वितरण गर्दा सोमा लाग्ने महशुलहरुको मापदण्ड तयार गरी एकरुपता गर्न | मापदण्ड तयार गरी लागु गर्न खानेपानी उपभोक्ता समितिहरुलाई निर्देशन गर्ने । |
| २. | खानेपानी उपभोक्ता समितिहरुले Financial काम गर्दा बैकिङ्ग प्रकृया प्रयोग गरी आय र व्ययको विवरण पारदर्शिता कायम गर्न | सबै खानेपानी उपभोक्ता समितिहरुको खाता संचालनमा रहेको र खानेपानी उपभोक्ता समितिहरुलाई प्राप्त हुने आम्दानी अनिवार्य बैंकिङ्ग खातामा जम्मा तथा खर्च गरी आय व्यय पारदर्शिता कायम गर्न निर्देशन गर्ने । |
| ३. | उपभोक्ताको विश्वसनियता र सन्तुष्टिको ख्याल गरी बेला बेला सार्वजनिक सुनुवाई गर्न | सबै उपभोक्ता समितिहरुलाई चौमासिक रुपमा सार्वजनिक सुनुवाई गर्न निर्देशन गर्ने । |

६. चालु आ.व. २०७८/०७९ मा पूर्वाधार विकास कार्यालय दैलेखको लागि कर्णाली प्रदेश सरकारबाट पूर्वाधार विशेष कार्यक्रम अन्तर्गत पगनाथ स्वास्थ्य चौकी भवन निर्माण भगवतीमाई १ मा रु. २० लाख बजेट स्वीकृत भएको । गत आ.व. नेपाल सरकार स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तर्गत पगनाथ स्वास्थ्य चौकी भवन निर्माण गर्न रु. ३५ लाख स्वीकृत भई यस गाउँ कार्यपालिकाको कार्यालयबाट भवन निर्माणको लागि ठेक्का बन्दोबस्त भई निर्माण व्यवसायी श्री विलास्पुर निर्माण सेवा दैलेखसँग सम्झौता गरी निर्माण कार्य चालु अवस्थामा रहेकोमा उक्त स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम चालु आर्थिक वर्षमा निरन्तरता नरहेकोले भवन निर्माणको लागि बजेट श्रोत अभाव देखिएको हुँदा हालसम्म भएको निर्माण कार्यको रकम भुक्तानीको लागि निर्माण व्यवसायीले निवेदन पेश गरेकोले चालु आ.व. २०७८/०७९ को लागि पूर्वाधार विशेष कार्यक्रम अन्तर्गत पगनाथ स्वास्थ्य चौकी भवन निर्माणको लागि विनियोजित रु. २० लाखबाट रनिङ्ग विल भुक्तानी गरिदिन हुन पूर्वाधार विकास कार्यालय दैलेखलाई अनुरोध गर्ने निर्णय गरियो ।

७. यस भगवतीमाई गाउँपालिका वडा नं. ०३ निवासी श्री चाउरो कामीले आफ्नो नाममा दर्ता कायम रहेको देहाय बमोजिमको जग्गा ३ नं. वडा कार्यालयको नाममा दान गरी पास गर्न ईच्छुक भई ३ नं. वडा कार्यालय मार्फत गाउँ कार्यपालिकामा निवेदन पेश गरेको हुँदा उक्त जग्गा ३ नं. वडा कार्यालयको नाममा पास गर्ने निर्णय गरियो ।

तपसिलः

| क्र.सं. | जग्गा धनीको नाम | ठेगाना | पास गर्ने जग्गा | | | पास गर्न ईच्छुक जग्गाको क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | किसिम | कित्ता नं. | क्षेत्रफल | | |
| १. | चाउरो कामी | साविक मेहेलतोली गा.वि.स. वडा नं. ०५ | घरवारी | २५४ | ०२९८० वर्ग मिटर | ०२९८० वर्गमिटर/पुरै | |

८. यस भगवतीमाई गाउँपालिकाको रु. ५५००००। र पशु अस्पताल तथा पशु सेवा कार्यालय दैलेखको रु. १२५००००। लागत साझेदारीमा वडा नं. ०७ मा बाख्रापालन कार्यक्रम संचालन गर्ने निर्णय गरियो।

९. यस गाउँपालिकाको चालु आ.व. २०७८/०७९ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार बाख्रापालन फर्मको अनुदान कार्यक्रमको लागि वडा नं. ०४ निवासी नेत्रबहादुर थापाले श्रीष्टी बहुउदेश्यीय कृषि फर्मबाट व्यवसायिक प्रस्ताव पेश गरेको

१०. यस भगवतीमाई गाउँपालिका सार्वजनिक खरिद नियमावली (पहिलो संशोधन) नियमावली, २०७८ स्वीकृत गर्ने ।

११. यस गाउँपालिकाको चालु आ.व. २०७८/०७९ को लागि स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत प्रदेश सरकार समुपुरक अनुदान र गाउँपालिकाको लागत साझेदारीमा संचालित जिरो पोइन्ट वडा कार्यालय स्तरोन्नती वडा नं. ४ र ढाँणगाउँ-मेली-साले बजेडा-देउली सडक निर्माण वडा नं. २ को पहिलो पटक ठेक्का भई रकम बचत रहेको र उक्त सडकमा थप निर्माण कार्य गर्न अत्यावश्यक भएकोले वडा कार्यालयबाट बचत रकमको बोलपत्र आह्वान गर्नको लागि अनुरोध भई आएको हुँदा बचत रकमको बोलपत्र आह्वान गर्ने र चालु आ.व.मा गाउँपालिकाको साझेदारी रकम अपुग भएमा आगामी आर्थिक वर्षमा क्रमागत गर्ने ।